# व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

## व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८ /१७ को निर्णयबाट स्वीकृत)

**पृष्ठभूमि**

खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूतिका लागि उपलब्ध जमीनमा प्रति इकाई उत्पादकत्व अभिबृद्धि गरी कृषि उत्पादनमा थप बृद्धि ल्याउनुआजको आवश्यकता हो । यसका लागि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि प्रमुख कारक तत्वहरू उन्नत बीउ बिजन, सिंचाई, मलखाद, बजार आदिको प्रभावकारी ब्यवस्थापन हुनु अपरिहार्य छ ।सामान्यतया, गुणस्तरीय बीउ बिजनको प्रयोगबाट मात्र पनि उत्पादकत्वमा १५–२५ प्रतिशत बृद्धि हुने गर्दछ । नेपालमा खाद्यान्नवालीको बीउ प्रतिस्थापन दरकरीब १५ प्रतिशत छ खाद्यान्न उत्पादनमा प्रयोग हुने करीब ८५ प्रतिशत बीउ अनौपचारिक श्रोतबाट आपूर्ति भइरहेको देखिन्छ । ।अत : व्यवसायिक बीजबृद्धि कार्यक्रम मार्फत् कृषकहरु माझ गुणस्तरीय श्रोत बीउ बिजनको आपूर्ति गरी खाद्यान्नबालीको उत्पादकत्व बढाउन सके खाद्य तथा पोषण सुरक्षाको सुनिश्चताका लागि टेवा पुग्ने देखिन्छ । यसै परिप्रेक्ष्यमा प्रदेश नं १ मा गुणस्तरीय बीउआपूर्ति एवम् प्रयोग मार्फत् उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्यान्न बालीमा आत्मनिर्भरता हासिल गर्न तथा बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा गुणस्तर व्यवस्थापनमा संलग्न कृषि सहकारी, कृषक समूह, नीजि बीउ कम्पनीको सुदृढिकरण तथा संस्थागत क्षमता अभिवृद्धिका लागि खाद्यान्न बाली बीउ उत्पादन कार्यक्रम संचालन गर्न अपरिहार्य देखिएको हुदा प्रदेश १ प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप बार्षिक स्विकृत कार्यक्रममा व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम स्विकृत भएको छ । उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन तथा कार्यान्वयन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि यस **व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५** तयार गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१संक्षिप्त नाम र प्रारम्भ**

क. कार्यविधीको नाम **व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५**रहेको छ ।

ख. कार्यविधी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागुहुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा**

क. मुल बीउ भन्नालेः खाद्यान्नवालीमा प्रजनन वीउको प्रयोग गरी उत्पादन गरिएको तोकिएको मापदण्ड पुरा भएको वीउलाई बुझ्नुपर्छ ।

सचिव

ख. प्रमाणित वीउ भन्नाले: मूल वीउको प्रयोग गरी वीउ विजन गुणस्तर नियन्त्रण केन्द्रले तोकेको मापदण्ड पुरा गरी उत्पादन र प्रसोधन गरेको बीउलाई बुझ्नु पर्दछ ।

ग. श्रोत बीउ भन्नाले प्रचलित बीउ बिजन ऐन, नियमावली प्रमाणीकरण गरिएको बीज बृद्धि गर्नको लागि प्रयोग गरिने श्रोत बीउसम्झनु पर्छ । यस कार्यविधि प्रयोजनका लागि यस अन्तर्गत मूल तथा प्रमाणित बीउ पर्दछ।

घ. उन्नत बीउभन्नाले प्रचलित बीउ बिजन ऐन, नियमावली अनुसार यथार्थ संकेत पत्र लगाइएको बीउ भन्ने सम्झनु पर्छ ।

ङ. वीउ प्रतिस्थापन दर भन्नाले: कूनै एक सिजनमा विशेष वाली लगाइएको कुल क्षेत्रफलमा उन्नत वीउको प्रयोग प्रतिशत भन्ने बुझ्नु पर्दछ ।

**३. उद्धेश्य:**यो कार्यक्रम संचालनको उद्धेश्य निम्न अनुसार रहेको छ

क. प्रदेशलाई खाद्यान्न बीउमा आत्मनिर्भर बनाउन कृषकहरूको सहभागितामा व्यवसायिक बीज बृद्धिकार्यक्रममा सहयोग गर्ने ।

ख. राष्ट्रिय बीउ बिजन समितीबाट पछिल्ला समयमा सूचित (उन्मोचित तथा पञ्जिकृत) भएका उच्च उत्पादन दिने जातका बीउको सुलभ रुपमा आपूर्ति गरी उत्पादकत्व बृद्धि गर्ने ।

ग. व्यवसायीक बीज बृद्धि कार्यक्रमको प्रवर्द्धन गरी प्रदेश नं १ लाई बीउ व्यवसाय केन्द्र(Seed Hub)को केन्द्रको रुपमा विकास गर्ने ।

घ. ब्यवसायिक बीज बृद्धि प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा सहयोग गर्ने ।

ङ. खाद्यान्न बालीहरुका स्थानीय रैथाने जातहरुको घरखेती स्थलीय (on-farm) र परस्थानीय(ex-situ) संरक्षणमा सघाउ पुर्याउने ।

## परिच्छेद - २

## श्रोत बीउ (मूल तथा प्रमाणित)उत्पादन प्रोत्साहन कार्यक्रम

**४. प्रोत्साहन अनुदान प्राप्त गर्न सक्ने :**

क. आफ्नै साधन श्रोतको प्रयोग गरी बीउ विजन उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्य गर्ने नीजि कम्पनी तथा सहकारी, समूह तथा नीजि उद्यमीहरुले मूल तथा प्रमाणित बीउ उत्पादनमा प्रदेश सरकारले उपलब्ध गराउने प्रोत्साहन अनुदान प्राप्त गर्न सक्नेछन् ।

ख. कृषि विकास निर्देशनालयले अनुदान उपलब्ध गराउन आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नेछ ।

सचिव

ग. कृषि विकास निर्देशनालयले मूल तथा प्रमाणित बीउ उत्पादन, प्रशोधन लगायतका सम्पूर्ण कार्यहरु पूरा गरी प्रमाणीकरणको ट्याग लगाएको विवरण बीउ विजन प्रयोगशालाबाट प्राप्त गरी प्रमाणीकरण भएको परिमाणमा मात्र प्रोत्साहन अनुदान उपलब्ध गराउनेछ र सो प्रोत्साहन अनुदान बीउ प्रमाणीकरण गराउने नीजि कम्पनी तथा सहकारी, समूह तथा नीजि उद्यमीहरुको बैंक खातामा सिधै जम्मा गरिनेछ।

**५.मूल तथा प्रमाणित बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया :**

देहायको प्रक्रिया अवलम्वन गरी मूल र प्रमाणित बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

क. अनुमति पत्र प्राप्त मूल तथा प्रमाणित बीउ उत्पादकहरुले बीउ प्रमाणीकरणको ट्याग लगाउने कार्य भैसकेपछि आफूले प्रमाणित गराएको मूल तथा प्रमाणित बीउको परिमाण खुलाई चाहिने अन्य आवश्यक विवरण-पुर्व जानकारी फारम, खडा बाली निरीक्षणप्रतिवेदन, बीउ विश्लेषण प्रतिवेदन ट्यागको विवरण आदि सहित कृषि विकास निर्देशनालयमा प्रोत्साहन अनुदान पाउँ भनी निवेदन दिने ।

ख. कृषि विकास निर्देशनालयले निवेदकबाट प्राप्त विवरण बीउ विजन प्रयोगशालाबाट प्राप्त विवरणसँग भिडान गर्नेतथा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रियमा लैजाने । विवरण भिडान गर्दा फरक विवरण पाइएमा बीउ विजन प्रयोगशालाबाट प्राप्त विवरणलाई आधिकारिक मानी सोही अनुसार प्रोत्साहन अनुदान उपलब्ध गराउने।

ग. खाद्यान्न बालीको श्रोत बीउमा मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

घ. प्रोत्साहन अनुदान उपलब्ध गराउने मूल आधार नेपाल सरकारबाट गत आ. व.मा तय भएको सम्बन्धित बीउको स्तरको मुल्य हुनेछ ।सो मुल्य नेपाल कृषि अनुसन्धान परिषदबाट प्राप्त गरिनेछ।

ङ. प्रत्येक बालीको बीउको मुल्य जात तथा भौगोलिक क्षेत्र अनुसार फरक नभई एकै नासको उपलब्ध हुनेछ।

च. प्रोत्साहन अनुदान नेपाल सरकारबाट गत आ. व.मा तय भएको सम्बन्धित बीउको स्तरको मुल्य को २० प्रतिशत हुनेछ।

छ. उपलब्ध बजेटलाई दृष्टिगत गरी कृषि विकास निर्देशनालयले बाली अनुसार बजेट सिमा तोक्न सक्नेछ । बाली अनुसार तोकिएको बजेट सिमा भन्दा आवेदकबाट बढी प्रमाणीकरण भएको बीउ परिमाण प्राप्त भएमा उपलब्ध बजे़टलाई बीउ परिमाणको समानुपातिक तवरले प्रोत्साहन अनुदान वितरण हुनेछ ।

ज. प्रोत्साहन अनुदान उत्पादक नीजि कम्पनी तथा सहकारी, समूहले बैंक खातामा प्राप्त भैसकेपछि ती नीजि कम्पनी, सहकारी तथा समूहसँग किसानहरुलाई प्रमाणिकरण भएको बीउ परिमाणको आधारमा प्राप्त अनुदानको पचाँस प्रतिशत वितरण गर्नुपर्नेछ ।सो भए नभएको अनुगमन कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट हुनेछ ।

सचिव

झ. कृषि विकास निर्देशनालयले बीउ उत्पादक सम्बन्धी विवरण र ट्याग लगाईएको बीउको परिमाण यकिन गर्न आवश्यक ठहर्याएको खण्डमा प्राविधिक परिक्षण समेत गर्न सक्नेछ ।

## परिच्छेद - ३

## बीउ विजन आत्मनिर्भर कार्यक्रम

**बीउ विजन आत्मनिर्भर कार्यक्रमसंचालन प्रक्रिया**

क. स्थानीय स्तरमा बीज बृद्धि कार्यक्रम तर्जुमा गर्न सर्वप्रथम कृषि ज्ञान केन्द्रहरुले आफ्नो कार्यक्षेत्रमा रहेका स्थानीय तहहरुका लागि आवश्यक उन्नत बीउको परिमाण यकिन गर्न तथ्याङ्क संकलन गर्नु पर्नेछ ।

ख. प्राप्त तथ्याङ्कको आधारमा खाद्यान्न बीउमा आत्मनिर्भर हुने दिशामा बीउ उत्पादन कृषक समूह, नीजि बीउ उत्पादक उद्यमीर सहकारी संस्थाहरुलाई बीउ बिजन उत्पादन कार्यक्रममा संलग्न गराउने । सकभर एक ज्ञानकेन्द्र अन्तरगत ३ देखि ४ बीउ उत्पादक समूह/सहकारी/ नीजि उद्यमीमा सिमित हुन प्रयास गर्ने ।

ग. बीउ उत्पादक छनौटका आधार

- बीउ संचय गर्न सक्ने क्षमता भएका ।
- बीउ उत्पादन क्षेत्रमा पृथकता दुरी कायम गर्न सकिने ।
- उत्पादन साधन प्रयोग गर्न सक्ने क्षमता भएका ।
- बीउ उत्पादन कार्यमा सहयोगी भावना भएका ।
- बीउ उत्पादन सम्बन्धी तालिम प्राप्त तथा कार्य अनुभव भएका ।
- पहाडमा न्यूनतम् आठ हेक्टर र तराईमा पन्ध्र हेक्टरमा वीउ उत्पादन कार्यक्रम संचालन गर्न सक्ने ।

घ. विभिन्न हिउँदे र वर्षे बालीहरूको बीज बृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ र प्रमाणित बीउ) को जात तथा परिमाण राष्ट्रिय बीउ बिजन समिति र कृषि विकास निर्देशनालयलाई एक वर्ष अगावै पठाउनुपर्ने छ ।

ङ. बीज बृद्धि कार्यक्रम सञ्चालनको लागि मूल बीउको श्रोत नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत तोकिएका केन्द्रहरू हुनेछन् । मूल बीउ केन्द्रहरूबाट सम्बन्धित कृषि ज्ञान केन्द्रले समयमै उत्पादन स्थलसम्म ढुवानी गर्नु पर्नेछ । दैवी प्रकोप अथवा अन्य कारणबाट मूल बीउ विग्रन गई पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको खण्डमा प्रमाणित प्रथम पुस्ताबाट पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

च. कृषक समूह/सहकारी तथा नीजि बीउ उत्पादक उद्यमीले मुल तथा प्रमाणित बीउ प्राप्त गरी कार्यक्रम संयोजकको निर्देशन अनुरुप बीउ उत्पादन गर्नु पर्नेछ ।

सचिव

छ. बीउ तयार भए पछि भण्डारण गर्नु भन्दा अगाडि बीउको नमूना संकलन गरी बीउ परीक्षणको लागि सम्बन्धित बीउ बिजन प्रयोगशालामा पठाउने । साथै भण्डारण अवस्थामा र बीउ बिक्री गर्ने समयमा पुनः बीउ परीक्षणको लागि नमूना संकलन गरी प्रयोगशालामा पठाउने ।

ज. बीउ परिक्षणबाट न्युमतम स्तर कायम भएका बीउ लटलाई अनिवार्य रुपमा यथार्थ संकेत पत्र अनुरुप बोरा बन्दी तथा सिलबन्दी गरी बेच विखन गर्नु पर्नेछ ।

झ. उत्पादित बीउको वेच विखनको पुर्वअनुमान एवं बीउको स्थिति सम्बन्धित उत्पादकले कृषि ज्ञानकेन्द्रमा र कृषि ज्ञानकेन्द्रको कार्यक्रम संयोजकले कृषि विकास निर्देशनालयलाई नियमित रुपमा पठाउनुपर्ने छ।

**७.कार्यक्रम सञ्चालनको लागि प्राविधिक सेवा र टेवा**

क. यो कार्यक्रम संचालन गर्न सम्बन्धीत कृषि ज्ञान केन्द्रको वाली विकास अधिकृत/कृषि प्रसार अधिकृत (पहाडी क्षेत्रमा)ले संयोजकको काम गर्नुपर्नेछ ।

ख. संयोजकले बीउ उत्पादक समूहवा सहकारीको अध्यक्ष, स्थानीय तहको कृषि शाखा प्रतिनिधि समेतको सहभागिता तथा समन्वयमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न कार्यतालिका Calendar of Operation तयार गरीलागु गर्नेछ साथै बीउ उत्पादन कार्यक्रमको निरीक्षण, प्राविधिक सहयोग, बीउ उत्पादनहरु बीच समन्वयकार्य गर्ने छ ।

कार्य तालिकामा कमसेकम तल दिएका बुँदाहरू समावेश भएको हुनुपर्दछ ।

| | |
|---|---|
| क) कृषकको नाम, थर, ठेगाना | ख) बीउ उत्पादन गर्ने थलोको ठेगाना |
| ग) बाली तथा जातको विवरण | घ) बाली पाक्ने अवधि |
| ङ) बीउ रोपाई, गर्ने मिति | च)सिंचाई गर्ने मितिहरू (संभावित) |
| छ)गोडमेल गर्ने मितिहरू | ज) Rouging गर्ने मितिहरू |

ग. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथातालिम केन्द्रले, बीउ बिजन प्रयोगशालाको समन्वयमा बीउ उत्पादन गर्ने वीउ उत्पादक तथा कार्यक्रममा संलग्न प्रा.स./ना.प्रा.स.हरूको लागि बीउ उत्पादन प्रविधि, भण्डारण, गुणस्तर नियन्त्रण, प्याकिङ्ग र बजार व्यवस्था सम्बन्धी तालिमको आयोजना गर्नेछ।

घ. बीउ बालीको गुणस्तर नियन्त्रण गर्न जिल्लाका तालिम प्राप्त प्राविधिकहरूले कमसेकम दुई पटक बीउ बाली निरीक्षण गर्ने र प्रथम तथा अन्तिम निरीक्षण फार्महरू भरी सम्बन्धित बीउ बिजन प्रयोगशालामा पठाउने । बीउ बिजन प्रयोगशालाले सम्पूर्ण बीउ उत्पादन क्षेत्र मध्ये कम्तिमा ५-१०% क्षेत्रमा बीउ बाली निरीक्षण गर्नु पर्ने छ ।बीउको गुणस्तर जोगाउनका लागि विशेष गरी बाली कटानी, चुटानी, सुकाउने र भण्डारण अवस्थामा प्राविधिकहरूले निरन्तर निरीक्षण गरी कृषकहरूलाई सुझाव दिनुको साथै बीउको निगरानी राख्नुपर्दछ ।

सचिव

## ८. बीउ विजन आत्मनिर्भर कार्यक्रममा उपलब्ध हुने सहजीकरण तथा सेवा सुविधाको विवरण

| क्र.स. | विवरण | सेवा सुविधा विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | तेश्रो वर्षपछि | |
| १ | मूल तथा प्रमाणित बीउ | ७५% मुल्य अनुदान | ७५% मुल्य अनुदान | ७५% मुल्य अनुदान | ७५% मुल्य अनुदान | नेपाल सरकारले निर्धारण गरेको मुल्यमा |
| २ | बीउ उत्पादन उपकरण खरिद (चिस्यानमापक यन्त्र, बोरा सिलाउने मेशिन, डिजिटल तराजु, नमूना लिने प्रोवआदि ) | कुल लागतको ८५ प्रतिशत वा बढीमा ७५ हजार प्रति समूह | | | | |
| ३ | बीउ प्याकेजिङ्ग सहयोग | प्रति समूह १० हजार | प्रति समूह १० हजार | प्रति समूह १० हजार | | |
| ४ | गोदाम घर निर्माण (२५ मे टन क्षमताको) | | स्थानिय दररेट अनुसार कुल स्टिमेट अंङ्कको ८५ प्रतिशत वा बढीमा ८ लाख ५० हजार । | | | * कम्तिमा ७ वर्षसम्म निरन्तर बीउ उत्पादन गर्ने भएमा ।<br>* जग्गा बीउ उत्पादकको नाममा हुनुपर्ने |
| ५ | बीउ प्रशोधन यन्त्र | | | कुल लागतको ८५ प्रतिशत वा बढीमा ८ लाख मात्र | | |
| ६ | बीउ उत्पादनको | | | | धान – ६,००० | |

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आधारमा प्रोत्साहन | | | | प्रति मे.टन<br>मकै - ८००० प्रति मे.टन<br>गहुँ - १०,००० प्रति मे.टन | |

**९. बीउ विजन आत्मनिर्भरकार्यक्रममा सहजीकरण तथा सेवा सुविधा परिचालन विधि**

क. बीउ उत्पादनमा संलग्न हुने इच्छुक कृषक समूह/कृषि सहकारी तथा नीजि बीउ उत्पादक उद्यमीसँग कृषि ज्ञान केन्द्रले उपलब्ध हुने सहजीकरण तथा सेवा सुविधालाई मध्य नजर गर्दै सातवर्षे कार्ययोजना सहित सम्झौता गर्नेछ।

ख. कार्यक्रम संचालनको पहिलो वर्ष सेवा सुविधामा उल्लेखित १, २तथा ३ सुविधाहरु उपलब्ध हुन सक्नेछ ।

ग. सात वर्षे कार्ययोजना भएता पनि वा नभए पनि बीउ उत्पादकले पहिलो वर्ष कम्तिमा यथार्थ संकेत पत्र लगाएर बीउ विजनको व्यवसाय संचालन गर्न असमर्थ भएमा सहजीकरण तथा सेवा सुविधा तालिकामा रहेका सुविधा ४,५ तथा ६ प्रवाह हुनेछैनन ।

घ. सहजीकरण तथा सेवा सुविधा अन्तर्गत बीउ उत्पादनको आधारमा प्रोत्साहन रकम प्राप्त गर्न अनिवार्य रुपमा यथार्थसंकेत पत्र लगाई बजारीकरण गरेको हुनुपर्नेछ । बीउ उत्पादनको आधारमा प्रोत्साहन वितरणका लागि परिमाण यकिन गर्न मूल बीउ खरिद रसिद, पुर्व जानकारी फारम, खेत निरीक्षण फारम, बाली कटानी प्रतिवेदन आधार हुने छन ।साथै सो प्रोत्साहन वितरणका लागि सम्बन्धित बालीको राष्ट्रिय उत्पादकत्वलाई अधिकतम सिमा मानिनेछ ।

ङ. यस कार्यक्रमवाट कृषक समूह सहकारीलाई उपलब्ध गराईने सहयोग रकमहरु कृषि ज्ञानकेन्द्रले अनिवार्य रुपमा सम्बन्धीतको बैकखाता मार्फत उपलब्ध गराउनु पर्ने छ ।

**१०. अनुगमन मूल्यांकन व्यवस्था**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, बीउ विजन प्रयोगशाला, कृषि ज्ञान केन्द्रबाट आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरिने छ।

सचिव

## परिच्छेद ४

## विविध

११. प्रचलित कानुन लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

१२.बाधा अड्काउ निरुपण खारेजी एवं संशोधन :

क) यस कार्यबिधी कार्यान्वयनमा केहि बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । यसमा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ब्याख्या अन्तिम हुनेछ ।

ख) यस कार्यबिधीलाइ आबश्यकतानुसार भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयले संशोधन वा खारेजी गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची १

## कृषि ज्ञानकेन्द्रलेले भर्नुपर्ने विजवृद्धि कृषक समूहको विवरण

१. विजवृद्धिमा संलग्न कृषक समूह/सहकारीको नामः

२. ठेगानाः

३ समूह/सहकारीमा रहेका कृषकहरुको संख्याः महिला ....पुरुष ......जम्मा .........

४. समूह/सहकारीको प्रकृति (बहुउद्देश्यीय/एकल)

५. समूह/सहकारीले विगतमा सञ्चालन गरेका गतिविधिहरु

क.

ख.

ग.

६. विजवृद्धिमा सञ्चालन गर्न शुरु गरेको मिति

क) बालीहरु

ख) जातहरु

७. विजवृद्धि समूहको पूँजीः

८. समूहको आम्दानीको श्रोतः

९. समूहको वैधानिकता (दर्ता भएको निकाय, दर्ता मिति तथा नवीकरण मिति खुलाउने)

१०. समूहको आर्थिक कारोबारसँग सम्बन्धित व्यक्तिहरुः

११. समूहको बैंक खाता सञ्चालन भए नभएकोः

सचिव

क) भएको भए बैंक

ख) खाता नं.

ग) बैंक मौज्दात

१२. समूहमा बीउ उत्पादन प्रविधिबारे ज्ञान भएका कृषकहरुको संख्या र नामावली

१३. गत वर्षको समूहको बीउ उत्पादन र विक्रीको वासलात:

| बाली | जात | क्षेत्रफल | उत्पादन | बीउको रुपमा विक्री | | | खाद्यान्न को रुपमा प्रयोग | बीउको रुपमा स्टक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूह भित्र | समूह वाहिर | जिल्ला वाहिर | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१४. यस आ.व. ............... मा यस समूहले सञ्चालन गर्ने विजवृद्धि कार्यक्रमको विवरण

क) विजवृद्धिमा संलग्न कृषक संख्या

ख) विजवृद्धिमा गरिने बाली जात, क्षेत्रफल आदि

| कृषकहरुको नाम/ठेगाना | वाली | जात | क्षेत्रफल | लगाइने बीउको स्तर | लगाइने बीउको श्रोत | तालिम पाए/न पाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.-१ विराटनगर, नेपाल

९० सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१५. समूहले उत्पादन गर्ने बीउको अनुमानित परिमाण

१६. उत्पादित बीउको हुन सक्ने अनुमानित खपत

क) समूह भित्र

ख) समूह बाहिर

ग) जिल्ला बाहिर

समूहको प्रतिनिधि      कार्यक्रम संयोजक

नामनाम

पद पद

हस्ताक्षर      हस्ताक्षर

मिति

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची २

## बीउ विजन आत्मनिर्भर कार्यक्रमअन्तरगत विजवृद्धि कार्यक्रम सम्बन्धी विवरण

जिल्लाः बालीः

| समूह एवं सदस्यहरु को नाम | कार्यक्रम सञ्चालन क्षेत्रको ठेगाना | बीउको श्रोत | लगाइए को बीउको स्तर | जातहरु | क्षेत्रफल | बीउ छरेको÷ रोपेको मिति | बीउ बाली निरीक्षण भए/ नभएको | माटो परिक्षण गराए/नगराएको | मलखाद दर प्रति हे. कम्पोष्ट/रासायनिक | बीउ बेचविखनको लागि गरिएका प्रयासहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

तयार गर्ने

(बाली विकास कार्यक्रममा संलग्न अधिकृत)

मिति–

कृषि ज्ञानकेन्द्र प्रमुख

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

अनुसूची ३

## बीउ विजन आत्मनिर्भर कार्यक्रमउत्पादन विक्री एवं स्टक सम्बन्धी विवरण

जिल्लाः बालीः

| क्र. सं. | कृषक समूह को नाम | कृषक को नाम | ठेगाना | बीउ को श्रोत | उत्पादित बीउ को स्तर | जात | लगाइएको क्षेत्रफल | उत्पादन | बीउको रुपमा विक्री भइसकेको परिमाण | बीउ को रुपमा स्टक परिमाण | खाद्यान्न को रुपमा विक्री | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्ने

प्रमुख (बाली विकास कार्यक्रममा संलग्न अधिकृत)

मिति

कृषि ज्ञानकेन्द्र

सचिव

अनुसूची ४

**श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादन प्रोत्साहन कार्यक्रम निवेदनको ढाँचा**

श्रीमान प्रमुख ज्यू
कृषि विकास निर्देशनालय, विराटनगर

**विषय: श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादन प्रोत्साहन कार्यक्रममा सहभागी गराईदिनुहुन**

**उपरोक्त सम्बन्धमा व्यवसायिकबीज वृद्धि प्रवर्द्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ को परिच्छेद २ बमोजिम श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादन प्रोत्साहन कार्यक्रममा सहभागी गराईदिनुहुन तपसिल बमोजिम कागजात संलग्न गर्दै यो निवेदन पेश गरेका छौ ।**

निवेदक

**बीउ उत्पादन समूह/सहकारी/ नीजि बीउ उत्पादन उद्यमी/ नीजि कम्पनीको नाम :**

**पद :**

**छाप:**

**तपसिल**

- बीउ उत्पादकको आधिकारिक दर्तासँग सम्बन्धित कागजात
- नीजि बीउ उत्पादन उद्यमी/ नीजि कम्पनीको हकमा कर चुक्ताको विवरण
- पुर्व जानकारी फारमहरु
- खडा बाली निरीक्षण फारमहरु
- प्रयोगशाला परीक्षण प्रतिवेदनहरु
- बीउ उत्पादनमा संलग्न कृषकको स्थान, क्षेत्रफल, बाली तथा बीउको स्तर खुल्ने नामावली

सचिव

अनुसूची ५

## श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादन प्रोत्साहन कार्यक्रम विवरण फारम

बीउ उत्पादकको नाम:

ठेगना :

बीउ उत्पादनका लागि प्रयोग भएको बीउको विवरण :

| बाली | जात | स्तर | परिमाण | टयाग नं | उत्पादक नाम तथा ठेगना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

प्रमाणीकरण भएको बीउको विवरण :

| बाली | जात | स्तर | परिमाण | टयाग नं | उत्पादक नाम तथा ठेगना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

प्रमाणीकरण भएको बीउमा संलग्न कृषकको विवरण:

| कृषकको नाम | ठेगना | सम्पर्क नं | प्रमाणिकरण भएको बाली तथा बीउको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | बाली | जात | बीउ बाली लगाएको क्षेत्रफल हे | बीउ प्रमाणीकरण भएको परिमाण मे टन | बीउको स्तर | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्नेको सही छाप

सचिव